## प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.बाट "विजया दशमी २०७१" को उपलक्ष्यमा नेपाली सेनाका सकल दर्जालाई दिनु भएको शुभकामना सन्देश

१. नेपालीहरुको महान चाड बडा दशैंको पुनीत अवसरमा, नेपाल र नेपालीको निमित्त समर्पित भई देशभित्र तथा बाहिर कार्यरत नेपाली सेनाका सम्पूर्ण बहालवाला, भू.पू.सैनिक तथा नेपाली सेनाभित्र कार्यरत निजामती कर्मचारी एवं सकल दर्जाका परिवारमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मगलमय शुभकामना व्यक्त गर्दछु ।

२. राष्ट्रका विभिन्न जातजाति, समुदाय, क्षेत्रहरुको प्रतिनिधित्व रहेको नेपाली सेना राष्ट्रिय एकताको प्रतीकको रुपमा स्थापित भएको स्मरण गराउँदै राष्ट्रले दिने कुनैपनि जिम्मेवारीलाई नि:स्वार्थ पेशेवर तवरले सम्पन्न गर्न भूमिका निर्वाह गर्नु हुनेछ भन्नेमा म विश्वस्त छु ।

३. नेपाली सेनाको गैरराजनैतिक र व्यवसायिक चरित्र प्रदर्शन गर्दै पेशागत दक्षता बढाउन सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो प्रयास गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

४. अन्त्यमा, सबै नेपालीहरुको साझा शक्ति एवं सम्पत्तिको रुपमा रहेको नेपाली सेनाका सम्पूर्ण व्यक्तिहरुलाई राष्ट्र,जनता र आफ्नो संगठनप्रति मन, वचन र कर्मले कर्तव्यपथमा अविचलित भई अग्रसर हुन श्री नवदुर्गा भवानीले थप ऊर्जा प्रदान गरुन् भनी कामना गर्दछु ।

मिति:२०७१/०६/३ गते ।

गौरव शम्शेर ज.ब.रा.
महारथी
प्रधान सेनापति